तेजाब वा अन्य घातक रासायनिक पदार्थको गैरकानुनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com








❖ वर्ष ३५ ❖ २०७८ फागुन २२ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 06 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १९०


## घिसिङद्वारा हेटौंडा–परवानीपुर–पोखरिया प्रसारण लाइनको निरीक्षण

धर्मेन्द्र चौरसिया, पोखरिया, २१ फागुन/

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हेटौंडा–परवानीपुर–पोखरिया १३२ केभी प्रसारण लाइनको अवलोकन गरेका छन् ।

घिसिङले शनिवार बिहान पर्साको पोखरिया वितरण केन्द्रसम्म पुगेर प्रसारण लाइनको अवलोकन निरीक्षण गरेका थिए । जग्गाको मुआवजा विवाद टुङ्गिएपछि निर्माणको चरणमा रहेको उक्त प्रसारण लाइन निर्माणपछि वीरगंज–पोखरिया पनि औद्योगिक कोरिडोर बन्न सक्ने वीरगंजका उद्योगीको भनाइ छ ।



प्रसारण लाइनको निरीक्षण गर्दै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतको टोली । तस्वीरः प्रतीक

घिसिङले पोखरियामा अगुवाहरूसँगको कुराकानीमा पोखरियासम्म १३२ केभीको प्रसारण लाइन बनेपछि वीरगंज–पथलैयासँगै वीरगंज–पोखरिया पनि औद्योगिक कोरिडोरको रूपमा विकसित हुने बताए ।

हेटौंडादेखि परवानीपुर ५० किलोमिटर र परवानीपुरदेखि पोखरिया २० किलोमिटर दूरीमा पर्छ । पोखरिया वितरण केन्द्रको लागि आवश्यक १२ बिघा जग्गामध्ये १० बिघा जग्गा प्राधिकरणले खरीद गरिसकेको र बाँकी दुई बिघा जग्गा पनि खरीद गर्ने प्रक्रियामा रहेको उनले बताए । निरीक्षणको अवसरमा प्राधिकरणका प्रादेशिक प्रमुख मुनिन्द्र ठाकुर, वीरगंज वितरण केन्द्रका प्रमुख जीतेन्द्र झा, पोखरिया वितरण केन्द्रका प्रमुख जगरनाथ झा, कलैया वितरण केन्द्रका प्रमुख हरदेव गुप्ता, आयोजनाविज्ञ अभय न्यौपाने, पोखरिया नपाका वडाध्यक्ष बङ्काप्रसाद कुर्मीलगायतको सहभागिता थियो ।

## पर्सा र बारामा १०३ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २१ फागुन/

पर्सा र बारामा शनिवार सम्पन्न रक्तदान कार्यक्रममा ११ जना महिलासहित १०३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

वीरगंजमा इम्पेरियल कलेजले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ५३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका






प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

नेहा यास्मिन, रिपु मेहता, सन्दीप सिंह, विक्की चौरसिया, रोहन साह, इस्लाम मियाँ, आलिब हुसैन, भीम पटेल, आकाश पटेललगायतले रक्तदान गरेको कुशवाहाले बताए ।

यसैगरी, बाराको डुमरवाना बहुमुखी क्याम्पसले आयोजना गरेको रक्तदान कार्यक्रममा नौजना महिलासहित ५० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख पाण्डेले बताए ।

सीमा कुमारी, मनिका उप्रेती, लक्ष्मी सुवेदी, सानुमाया सापकोटा, भरत भण्डारी थारू, अर्जुन खड्का, सिद्धार्थ रानामगर, नेत्रप्रसाद मैनालीलगायतले रक्तदान गरेको उनले बताए ।

## साहित्यिक चौतारीको आठौं वार्षिकोत्सव कृति विमोचन एवं रचनावाचन

प्रस, वीरगंज, २१ फागुन/

साहित्यकारहरूको संस्था साहित्यिक




चौतारी नेपाल नवौं वर्षमा प्रवेश गरेको छ ।

आठौं वार्षिकोत्सवको अवसरमा वीरगंजमा कृति विमोचन एवं रचनावाचन कार्यक्रम सम्पन्न भएको हो । संस्थाकी केन्द्रीय अध्यक्ष गीता भण्डारीको सभापतित्वमा सम्पन्न कृति विमोचन एवं रचनावाचन कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका लोक तथा साहित्य विधाका प्रमुख एवं साहित्यिक चौतारीका वरिष्ठ सल्लाहकार डा देवी नेपालले साहित्यको विकासका लागि चौतारीले गरेका कामहरू प्रशंसनीय रहेको बताए ।

देशमा मात्रै नभएर विदेशमा पनि शाखा विस्तार गरी साहित्यिक गतिविधिलाई गति मात्रै नदिएर निरन्तरता दिनुले साहित्यिक चौतारीको गरिमा अझै बढेको डा नेपालको भनाइ थियो ।

नयाँ पुस्तालाई अवसरसँगै प्रशिक्षण दिनेदेखि लिएर पुराना पुस्ताको ज्ञान र अनुभवको आधारमा साहित्यको विकास हुनेमा कुनै आशङ्का नरहेको डा नेपालले बताए । उनले सर्जकहरूलाई रचना पठाउन आग्रह गर्दै आफूले विभिन्न पुस्तकहरूमा स्थान दिने दृढता पनि व्यक्त गरे ।

कार्यक्रममा पाठ्यक्रम विकास केन्द्रका निर्देशक एवं वरिष्ठ साहित्यकार डा गणेश भट्टराईले साहित्यमार्फत परिवर्तनको अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए । अब बन्दुकले होइन कलम र शब्दको शक्तिलाई सदुपयोग गर्दै समाज परिवर्तनका लागि सृजना लेख्नुपर्ने उनले बताए ।

वरिष्ठ साहित्यकार रामदेव पाण्डेले पनि साहित्यतर्फ नयाँ पुस्ताको आकर्षणका कारण साहित्यको भविष्य सुरक्षित रहने विश्वास व्यक्त गरे ।

सो अवसरमा साहित्यिक चौतारी नेपालको प्रकाश चौतारीको चौथो अङ्क, साहित्यिक चौतारी इजरायल शाखाको भावाक्षर, साहित्यिक चौतारीकी अध्यक्ष गीता भण्डारीको भावार्पण र साहित्यिक चौतारी मधेस प्रदेश समितिका अध्यक्ष समिर पाखिनको परिणति पुस्तक विमोचन गरिएको थियो ।

झरना साहित्य परिवार, मकवानपुरका अध्यक्ष एवं हेटौंडा क्याम्पसका सहप्राध्यापक दीपक गौतमले साहित्यिक चौतारीको कृतिको समीक्षा गरेका थिए । उनले समीक्षामार्फत उक्त पुस्तकले समावेश गरेका विषयवस्तुको संश्लेषण रूप प्रस्तुत गरेका थिए । त्यसैगरी, झरना साहित्य परिवार, मकवानपुरका उपाध्यक्ष एवं समालोचक विश्वनाथ सञ्जेलले चौतारीकी अध्यक्ष गीता भण्डारीको भावार्पण गजल सङ्ग्रहको समीक्षा गरेकी थिइन् ।

कार्यक्रममा अतिथि कलाकारको रूपमा पर्वतबाट तारानाथ पराजुलीले कवितावाचन गरेका थिए । यस्तै, प्रदेश नं १ बाट श्यामकुमार श्रेष्ठ, मधेस प्रदेशबाट साहित्यिक चौतारी मधेस प्रदेशका सचिव सूर्यनारायण विक शुभचिन्तक, गण्डकी प्रदेशबाट दुर्गा भुसाल, लुम्बिनी प्रदेशबाट शिरीष बन्जाडेले रचनावाचन गरेका थिए । यस्तै, स्थानीय साहित्यकारको रूपमा मोदिउर रहमान, अजमत अली, अनीता साह, महेशचन्द्र गौतमलगायतले रचनावाचन गरेका थिए ।

भोजपुरी साहित्यमा योगदान दिएको भन्दै नेपाल भोजपुरी प्रतिष्ठानका अध्यक्ष एवं साहित्यकार उमाशङ्कर द्विवेदीलाई दोसल्ला तथा सम्मानपत्रद्वारा सम्मान गरिएको साहित्यिक चौतारीका सचिव रोशन तिमल्सिनाले जानकारी दिए ।

३७ जना आजीवन सदस्य र आजै थपिएका दीपक गौतम र अप्सरा पुडासैनीलाई प्रमाणपत्र प्रदान गरिएको थियो । विदेशमा स्थापना भएको पहिलो शाखाको रूपमा इजरायल शाखा, क्रियाशील शाखाको रूपमा साउदी अरब र सबैभन्दा कम नेपाली भएको ठाउँमा पनि साहित्यिक गतिविधिसँगै सामाजिक काम पनि गरेको भन्दै ग्रीस शाखालाई सम्मान गरिएको थियो । साहित्यिक चौतारीकी कोषाध्यक्ष कमला भण्डारी ढकालले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको सहजीकरण साहित्यिक चौतारीका महासचिव रामप्रसाद सुवेदी सङ्कमले गरेका थिए ।

## हतियारसहित युवक पक्राउ

राजेश केशरीवाल, रक्सौल, २१ फागुन/

भारतीय सीमा सुरक्षा बल ४१औं बटालियनले गोप्य सूचनाको आधारमा एक थान देशी बन्दुक र एक थान गोलीसहित पक्राउ गरेको छ । साहलाई आवश्यक कारबाईका लागि स्थानीय



तस्वीरः प्रतीक

एकजना युवकलाई हतियारसहित पक्राउ गरेको छ ।

भारत–नेपाल ३९०/२७ पिलरनजीक प्रेमनगरटोलबाट वीरगंज, छपकैया–१ निवासी २१ वर्षीय सुनीलकुमार साहलाई प्रहरीको जिम्मा लगाएको उपनिरीक्षक शुभम् कुमारले बताए ।

पक्राउ परेका साहले उक्त बन्दुक रक्सौलमा डिलेभरी गर्न आएको स्वीकार गरेका छन् ।

## जीराभवानीमा मेला भर्न आउनेहरूको भीड बढ्दो

प्रस, सेढवा, २१ फागुन/

महाशिवरात्रिका दिनदेखि जीराभवानी मन्दिरमा लागेको मेलामा दिनहुँ मेला भर्न आउने भक्तजनहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ ।

दश दिनसम्म लाग्ने मेलाको आज शनिवार पाँचौं दिनमा मेला भर्न आउनेहरूको उल्लेखनीय सहभागिता थियो ।

बिदाको दिन भएकोले आज बिहानैदेखि मेलामा भक्तजनहरूको सङ्ख्या बढेर खचाखच भीड भएको थियो । मेला भर्न पर्सा, बारा, रौटहट, सर्लाही, मकवानपुर, चितवनका साथै भारत बिहार राज्यको पश्चिमी चम्पारण तथा



तस्वीरः प्रतीक

पूर्वी चम्पारणबाट भक्तजनहरू आएका थिए ।

मेलामा किसानहरूले कुटो, कोदालो, बन्चरो, खुर्पीलगायत कृषि कार्यमा प्रयोग गरिने औजारहरू वर्षभरि पुग्ने गरी खरीद गर्छन् ।

त्यस्तै, मेलामा भाँडाबर्तन, फलफूल, कस्मेटिक सामान, लत्ताकपडा, मिठाइका सयौं स्टलहरू राखिएका छन् ।

## विचारसार र सूक्तिहरू

**घृणा राक्षसको सम्पत्ति हो, क्षमा मनुष्यत्वको चिह्न हो र प्रेम देवताको स्वभाव हो ।**

**–भर्तृहरि**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# भगवान् श्रीरामसँग हनुमानको भेट

हनुमान, सुग्रीव आदि बाँदरहरूसँग ऋष्यमूक पर्वतको चुचुरोमा बसेका थिए। त्यस समय भगवान् श्रीरामचन्द्र सीतालाई खोज्दै लक्ष्मणसँगै ऋष्यमूक पर्वतनजीक



पुगे। अग्लो चुचुरोमा बाँदरहरूका राजा सुग्रीवले उनीहरूलाई देखे। उनले सोचे– यो बालीले पठाएका दुईजना योद्धा हुन्, मलाई मार्न हातमा धनुष–बाण लिएर आउँदैछन् । टाढाबाट हेर्दा यी दुवै निकै बलवान् देखिन्छन् ।

डराउँदै उनले हनुमानलाई भने– "हनुमान ! त्यहाँ हेर, दुईजना निकै बलवान् मनुष्य हातमा धनुष–बाण लिएर यतै आइरहेका छन्। यिनीहरूलाई बालीले मलाई मार्न पठाएको जस्तो लाग्छ । उनीहरूले मलाई चारैतिरबाट खोजिरहेका छन् । तिमी तुरुन्त तपस्वी ब्राह्मणको रूपमा लिएर यी दुई योद्धानजीक पुग र पत्ता लगाऊ। यहाँ किन घुमिरहेका छन्। यदि कुनै भयको कुरा छ भने मलाई त्यहीबाट इशारा गर्नू । म तुरुन्त यस पर्वतलाई छाडेर कतै भाग्छु।"

सुग्रीव निकै डराएको र हडबडाएको देखेर हनुमान तुरुन्तै तपस्वी ब्राह्मणको रूप धारण गर्दै भगवान् श्रीरामचन्द्र र लक्ष्मणनजीक पुगे। उनले दुवै भाइलाई शिर निहुराएर ढोग्दै भने– "प्रभो ! तपाईंहरू को हुनुहुन्छ ? कहाँबाट आउनुभएको हो ? यहाँको धर्ती निकै कठोर छ। तपाईंको खुट्टा निकै कोमल छ। कुन कारणले यहाँ घुम्न आउनुभएको हो ? तपाईंको सुन्दरता देखेर लाग्छ– जस्तै तपाईं ब्रह्मा, विष्णु, महेशमध्ये कोही हुनुहुन्छ वा नर र नारायण नामको प्रसिद्ध ऋषि हुनुहुन्छ ? आफ्नो परिचय दिएर हाम्रो उपकार गर्नुहोस्।"

मनलाई रिझाउने हनुमानको कुरा सुनेर रामले आफ्नो र लक्ष्मणको परिचय दिँदै भने– "राक्षसहरूले सीताको हरण गरेका छन्। हामी उनैलाई खोज्दै चारैतिर घुमिरहेका छौं। हे ब्राह्मणदेव ! मेरो नाम राम तथा मेरो भाइको नाम लक्ष्मण हो। हामी अयोध्यानरेश महाराज दशरथका पुत्र हौं। अब तपाईं पनि आफ्नो परिचय दिनुहोस्।"

भगवान् श्रीरामचन्द्रको कुरा सुनेर हनुमानले बुझे कि उनी स्वयम् भगवान् नै हुन् । त्यसपछि उनी दुवैको खुट्टामा ढोग्न थाले। रामले हनुमानलाई उठाएर अँगालो लगाए ।

हनुमानले भने– प्रभो ! तपाईं सम्पूर्ण संसारको स्वामी हुनुहुन्छ । मसँग मेरो परिचय किन सोध्नुहुन्छ । तपाईंको चरणको सेवा गर्न नै मेरो जन्म भएको हो । अब मलाई आफ्नो परम पवित्र चरणमा स्थान दिनुहोस्।"

भगवान् राम प्रसन्न हुँदै उनको मस्तकमा हात राखे। हनुमान उत्साह र प्रसन्न भएर दुवै भाइलाई काँधमा बसाए। सुग्रीवले भनेका थिए भयको कुनै कुरा भए सङ्केत गर्नु । हनुमानले राम–लक्ष्मणलाई काँधमा बसाउनु सुग्रीवको लागि सङ्केत थियो कि यसमा कुनै भय छैन । उनले काँधमा बसाएर सुग्रीवनजीक पुगे । सुग्रीवको पनि परिचय गराए। भगवान्ले सुग्रीवको दुःख र कष्टको सम्पूर्ण कुरा सुने । उनले सुग्रीवलाई मित्र बनाए र दुष्ट बालीलाई मारेर किष्किन्धाको राजा बनाए । यस प्रकार हनुमानको सहायताले सुग्रीवको सम्पूर्ण दुःख टाढा भयो ।

सोहिरोबानाथ, महाराष्ट्रमा एउटा ठूलो सन्त भइसकेका थिए। उनी नाथ सम्प्रदायमा दीक्षित थिए। एकपटक घुम्दै उनी मध्यप्रदेशको ग्वालियर नगरमा पुगे। त्यस समय त्यहाँका शासक महादजी सिन्धिया थिए। उनले सोहिरोबानाथलाई राजसभामा आउन निमन्त्रण दिए। राजाका सेनापति विजय दादा थिए। उनी सन्तको ज्ञान र विद्वताबाट निकै प्रभावित भए । उनले सन्तसँग भेटेर भने, "महाराज एउटा राम्रो कवि हुनुहुन्छ, तपाईं जब उहाँसँग भेट्न जानुहुन्छ, तब उनको काव्यप्रशंसा अवश्य गर्नुहोला।"

विजय दादाले सोचे, आत्मप्रशंसाबाट खुशी भएर राजाले उनलाई राम्रो पुरस्कार दिनुहुन्छ। कुरा सुनेर सन्त चुपचाप बसे।

भोलिपल्ट सन्त राजसभामा गए । राजाले काव्यपाठ गरे र सन्तको अभिप्रायः बुझ्न खोजे। सोहिरोबाले भने– "महाराज ! तपाईंको कविता मलाई राम्रो लागेन । मेरो रायमा जुन रचनामा भगवान्को गुणगान हुँदैन, त्यो निष्कृष्ट हुन्छ र जुन कवितामा भगवान्को महिमा गाइएको हुन्छ, त्यो उच्चकोटिको हुन्छ।

सन्तको जवाफ सुनेर राजसभामा सन्नाटा छायो। तर राजालाई नराम्रो लागेन । सन्तको उपदेशपछि राजाले आफ्नो लेखनीको उपयोग भगवान्को भजन लेख्न गरे ।

# राजनीतिक खपतमा सीमित जलमार्ग

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**व्यापारमा भारतसितको निर्भरता मात्र घातक हुने निष्कर्षसहित उत्तरतिरका नाका खोल्न लगाएका महेन्द्रले त्यति बेलै जलमार्गको महत्त्व नबुझेको भए यस्ता ऐन, कानून आउने थिएनन् । आज ५० वर्ष बितिसक्दा पनि कार्यान्वयनको पक्षमा भरपर्दो आधार देखा परेको छैन ।**

सामान्यतः वैदेशिक व्यापारमा भूपरिवेष्टित मुलुकहरूको ढुवानी खर्च तटीय देशहरूको तुलनामा २० प्रतिशतसम्म महँगो हुने अध्ययनले देखाएका छन् । तर नेपालका लागि यो खर्च ५० प्रतिशतसम्म बढी देखिएको छ । समुद्री मार्गमा प्रत्यक्ष पहुँच उपलब्ध देशहरूको व्यापारमा पारवहन खर्च पाँचदेखि १० प्रतिशतभन्दा बढी छैन। हामीकहाँ भन्सार मूल्याङ्कनमा ढुवानी खर्चलाई १० प्रतिशत मानिएकोले पनि सामान्य अवस्थामा ढुवानीको लागत १० प्रतिशतभन्दा बढी हुँदैन भन्ने पनि हो । तर कतिपय अवस्थामा नेपालका लागि यस्तो खर्च कुल लागतको ४०–४५ प्रतिशतसम्म पुगेको आयातकर्ताले बताउने गरेका छन् ।

ढुवानीमा जलमार्ग सबैभन्दा सहज र कम खर्चिलो मानिन्छ । हामीकहाँ जलमार्गको विषय अहिलेसम्म राजनीतिक स्टन्टबाहेक अरू केही हुन सकेको छैन। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीबाट पानीजहाज कार्यालयको उद्घाटन भएको पनि हो । तर यो संरचनाले के काम गरिराखेको छ ? जानकारीमा छैन । अर्थात् जलमार्गका कुरा देशको आर्थिक उन्नतिभन्दा पनि राजनीतिक खपतका लागि बढी भइराखेका छन् ।

पारवहनमा पूर्वाधारको कमजोर अवस्था नै लागत अभिवृद्धिको कारण हो । वैदेशिक व्यापारमा बढ्दो घाटा, उत्पादन र रोजगारको कमजोर अवस्था पारवहनका कमजोरीसित प्रत्यक्ष परोक्षरूपमा जोडिएका छन्। आन्तरिक यातायातका लागि सडक र हवाई मार्गका काममा कछुवा गतिमैं भएपनि क्रमिक सुधारका सङ्केत देखिएका छन् । बाह्य व्यापारका लागि ढुवानीको खर्च कसरी कम गर्ने भन्नेमा राज्यको ध्यान जान सकेको छैन। भएका सीमित पहल प्रयास पनि प्रभावकारी देख्न पाइएको छैन ।

विश्व बैंकले गरेको एउटा अध्ययनले विश्वका विपन्न देशमध्ये अधिकांश समुद्री पहुँच नभएका छन् । जलमार्गसँग जोडिएका देशले आफ्नो अर्थतन्त्रलाई चाँडो अगाडि बढाउन सफल भएका छन्। ढुवानीमा न्यून खर्च र वैदेशिक व्यापार सहजीकरणका लागि उद्योगधन्धा पनि तटीय क्षेत्रमा खोल्ने अभ्यास छ । हामीकहाँ भने ढुवानीको लागत कम गर्ने नीतिगत प्रयास त कमजोर छ नै, औद्योगिक पूर्वाधारहरूसमेत अपायक ठाउँमा खोल्ने प्रतिस्पर्धाजस्तै देखिएको छ। हामीकहाँ औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रका कुराहरूलाई यसको उदाहरण मान्न सकिन्छ। नाकानजीकै खोल्नुपर्ने यस्ता संरचनाहरू कुनाकन्दरातिर लगिएका छन्। आर्थिक सम्भाव्यताभन्दा पनि नेताको पहुँचका आधारमा योजना छनोट हुने गरेका छन्। ढुवानीमा प्रतिस्पर्धा बढाउने नीति कार्यान्वयनमा ढङ्ग नपुग्दा यस्ता प्रयास उल्टै सकस र सरकारी ढुकुटीमा दबाबको उपक्रम बढी बनेका छन् ।

हामीकहाँ पानीजहाज सञ्चालनको सन्दर्भमा कुरा मात्र भएका छन् । नेपालका उपलब्ध नदीमा जलमार्ग सञ्चालनको सम्भाव्यताको उपयोगमा वस्तुनिष्ठ बहससमेत भएको देखिंदैन । कोशी, गण्डकी र भेरीजस्ता नदी भारतको गङ्गा नदीमा मिसिएर कोलकाता र बङ्गालको खाडीमा पुगेकाले यस्ता नदीको माध्यमबाट समुद्रसम्म पहुँच स्थापित गर्न नसकिने कारण छैन। यसको उपयोगमा अध्ययन पनि भएका छन् । तर योजनाहरू ठीक ढङ्गले अघि बढ्न सकेको छैन । सरकार यसको सापेक्ष कार्यान्वयनमा उदासीन देखिंदै आएको छ । केही विज्ञहरूले गण्डकी र कोशी नदीलाई समुद्री बन्दरगाहसम्म जोड्नुपर्ने विषयलाई उठाउँदै आएका पनि छन् । हाम्रा ठूला नदीहरूका माध्यमबाट समुद्री बन्दरगाहसम्म जलमार्ग जोड्ने हो भने विदेशी पारवहन सहज हुन्छ ।

केही वर्षअघि सरकारले कोशी, गण्डकी र भेरी नदी र तिनका सहायक नदीमा जलमार्गको सम्भाव्यता अध्ययन गरेको थियो । कोशीको घुर्मी–कोशी ब्यारेज, गण्डकीको रामदी–देवघाट र फिसलिङ–देवघाट, भेरीको भोटेचौर–चीसापानी ४७६ किलोमिटर अध्ययन भयो । अध्ययनको नाममा छुट्याइएको बजेट त सकियो, तर उपलब्धि प्रकट भएन । नेपालका नदीमा पानीको बहाव एकनास नभएकाले जलमार्ग सञ्चालन सम्भव नहुने तर्क पनि आउने गरेका छन्। प्रविधिको उपयोगबाट यस्तो समस्याको निकास निकाल्न सकिन्छ भन्नेतर्फ पूरै बेवास्ता गरिएको छ । यतिसम्म कि हामीले प्रयोगमा ल्याइराखेको भारतको कोलकाता बन्दरगाह पनि नहरमा आधारित बन्दरगाह हो भन्ने तथ्यलाई यस्ता अध्ययन र बहसका औपचारिकताले समेट्न पनि सकेका छैनन् ।

जनताको नाममा शासन गर्नेहरूले जनता भुलाउने र चुनावी खपतका नाराहरूमा मात्रै पानीजहाजको सपना भित्र्याएका छन्। कार्यान्वयनको भरपर्दो आधार देखा परेको छैन । बरु राजनीतिकरूपमा अनुदार मानिएका राजा महेन्द्रको शासनकालमा ठूला नदीहरूमा जलमार्ग सञ्चालनको योजना मात्र आएनन्, २०२७ सालमा पानीजहाज दर्ता ऐन, २०२८ सालमा पानीजहाज नियमावली र २०२७ सालमैं नेपाली पानीजहाज ऐन बनेका थिए। व्यापारमा भारतसितको निर्भरता मात्र घातक हुने निष्कर्षसहित उत्तरतिरका नाका खोल्न लगाएका महेन्द्रले त्यति बेलै जलमार्गको महत्त्व नबुझेको भए यस्ता ऐन, कानून आउने थिएनन्। आज ५० वर्ष बितिसक्दा पनि कार्यान्वयनको पक्षमा भरपर्दो आधार देखा परेको छैन ।

जलमार्गबाट हाम्रो पारवहनलाई समुद्रसम्म जोड्दा समुद्रबाट सोझै नेपालको मध्यभागसम्म मालसामान भित्र्याउन सकिन्छ । भारतले हल्दिया–प्रयागराज (इलाहाबाद)सम्म एक हजार ६२० किलोमिटर राष्ट्रिय जलमार्ग निर्माण गरिराखेको छ । यसमा विश्व बैंकको लगानी छ । हामीले पनि लगानीको यो उपाय अपनाउन नसक्ने भन्ने हुँदैन । हाम्रो आयातमुखी अर्थतन्त्रमा नूनदेखि सुनसम्म आयातकै भरमा चलेको छ । उत्पादनमा आत्मनिर्भर भनिएका सीमित वस्तुको उत्पादन पनि पूर्ण आत्मनिर्भर छैनन् । कच्चा पदार्थको आपूर्तिमा आयातकै भर छ। अहिले तेल उत्पादनमा यसको असर देखा परिराखेको छ । यस्तोमा पारवहनको खर्चले उत्पादन, आपूर्ति र निकासी व्यापारमा खास अर्थ राख्दछ। तर यसमा लागत कसरी कम गर्ने ? कुनै स्पष्ट रणनीति छैन । ढुवानीमा स्थलमार्गको निर्भरता बढी छ। भारतबाट नेपालका लागि हुने ढुवानी स्थलमार्गबाट भइराखेको छ । यसका लागि उपयोग गर्दै आएको भारतीय बन्दरगाह, रेल सेवा प्रदायक र सिपिङ कम्पनीमा देखिएका बेथितिले लागत अझ बढेको छ। समाधानमा सरकार र निजी क्षेत्र अपेक्षित चनाखो हुन सकेको छैन । सरकारलाई यस्तो खर्चमा समेत राजस्व असुल्न पाइने र निजी क्षेत्रलाई सबै खर्च उपभोक्ताको टाउकोमा थुपार्न पाउने सहुलियत उपलब्ध रहेसम्म प्रतिस्पर्धी पारवहनको खोजी नहुन सक्छ ।

विज्ञहरूले जलमार्गलाई सम्भव देख्दा सरकारीस्तरका अध्ययनले यो सम्भाव्यतालाई उपेक्षा गर्नु बुझिनसक्नु छ । सरकारी प्रतिवेदनहरू वैकल्पिक उपयोग, लगानीको परिमाण, अन्य संरचना विस्तारको सम्भावना उपयोगलगायतका पक्षमा मौन देखिएका छन्। भारतको सेन्ट्रल इन्ल्यान्ड वाटर ट्रान्सपोर्ट कर्पोरेशनले हल्दिया बन्दरगाहदेखि पटनाघाटसम्म जलमार्ग प्रयोगमा ल्याएको छ । हाम्रा नदीलाई जलमार्गको रूपमा त्यहाँसम्म जोड्न सकियो भने पनि नेपालको मध्यभागसम्म जलमार्गबाटै मालसामान भित्र्याउन सम्भव छ । यसमा अहिलेसम्म प्रभावकारी पहल देख्न पाइएको छैन ।

सुपथ पारवहन आर्थिक समृद्धिको पूर्वशर्त हो भने अब जलमार्गको निर्माण र यसका अवरोधहरूको सापेक्ष समाधानमा विलम्ब गर्ने बेला छैन । ढुवानी र आवागमन सहज नभई विकासको लक्ष्यमा पुग्न सकिन्न । हामीकहाँको विकास प्रवृत्तिलाई नै हेरौं, जहाँजहाँ सडक पुग्यो, त्यतै अन्य भौतिक र आर्थिक पूर्वाधारको विस्तार भएको छ । जलमार्ग विकास गर्ने हो भने देश र जनताको आर्थिक स्तरमा आमूल सुधार ल्याउन सकिन्छ।

# निजामती सेवा ऐनलाई समय अनुसार अगाडि बढाउन सरकार प्रतिबद्ध छ –प्रधानमन्त्री देउवा




तस्वीरः रासस

काठमाडौं, २१ फागुन/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले सङ्घीय निजामती सेवा ऐनलाई समयअनुकूल अगाडि बढाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

नेपाल निजामती कर्मचारी युनियनको आठौं राष्ट्रिय महाधिवेशनको शनिवार उद्घाटन गर्दै उनले सङ्घीय निजामती सेवा ऐनलाई अगाडि बढाउन र कर्मचारी समायोजनका क्रममा देखिएका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताएका हुन् ।

"निजामती सेवा समायोजनमा देखिएको असन्तुष्टिलाई यथाशीघ्र सम्बोधन गरिन्छ, जनतालाई मुस्कानसहितको सेवा प्रदान गर्न कर्मचारी लाग्नुपर्छ," उनले भने ।

राजनीतिका आधारमा निजामती कर्मचारीलाई भेदभाव नगरी राष्ट्रहितका लागि उनीहरूलाई लगाउनुपर्ने उनको भनाइ थियो । उनले प्रभावकारी ढङ्गले काम गर्न कर्मचारीलाई आग्रहसमेत गरे।

प्रधानमन्त्री देउवाले ट्रेड युनियनको अधिकारलाई संविधानले स्पष्ट व्याख्या गरेको बताउँदै ट्रेड युनियनलाई व्यवस्थित र परिमार्जन गर्दै लैजानको लागि सरकारको पूर्ण समर्थन रहने उल्लेख गरे । निजामती कर्मचारीले सरकारको नीति र योजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्दै लैजानुपर्ने उनको भनाइ थियो ।

सरकारलाई सफल बनाउने जिम्मा भनेको निजामती कर्मचारी भएको बताउँदै प्रधानमन्त्री देउवाले भने, "लोकतान्त्रिक मुलुकमा निजामती सेवाको महत्त्वपूर्ण भूमिका रहेको छ, निजामती कर्मचारी कानूनप्रति इमानदार, वफादार, अब्बल र अनुशासित हुनुपर्छ।"

सरकार र जनताबीच निजामती कर्मचारीले पुलको काम गर्दै आएको उनको भनाइ थियो ।

# सम्पादकीय लेख्न छाड्दा स्थानीय पत्रिकाको स्तरमा गिरावट

कञ्चनपुर, २१ फागुन/रासस

प्रेस काउन्सिल नेपालका सदस्य हरिप्रसाद जोशीले स्थानीय पत्रिकामा सम्पादकीय लेख्न छाड्दा पत्रिकाको स्तर खस्किएको गुनासो गरे । "अचेल कपी पेस्ट पत्रकारिता चलेको छ, कुनै पत्रिकामा पनि सम्पादकीय आउँदैन," नेपाल पत्रकार महासङ्घ सुदूरपश्चिम प्रदेश समितिले शुक्रवार महेन्द्रनगरमा आयोजना गरेको कार्यक्रममा उनले भने, "सम्पादकीय लेख्नै छाडिएको छ, यसले पत्रिकाको स्तर राम्रो बनाउँदैन।"

सम्पादकीय नलेखिने पत्रिका पत्रिका हो कि होइन भनेर काउन्सिलमा बहससमेत हुने गरेकाले तिनलाई स्थान दिएर पत्रिका छाप्नुपर्नेमा जोड दिँदै सदस्य जोशीले सम्पादकीय, लेख, रचना र स्थानीय विषयवस्तुलाई नै वर्गीकरणको आधार मानिने गरी छलफल अघि बढाइएको जानकारी दिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# युक्रेनका दुई शहरमा अस्थायी युद्धविराम घोषणा

मस्को, २१ फागुन/एएफपी

युक्रेनका दुई शहरमा रूसले शनिवार अस्थायी युद्धविराम घोषणा गरेको छ।

रूसको रक्षा मन्त्रालयले मारिओपोल र भोल्नोभाखा शहरमा अस्थायी युद्धविराम घोषणा गरिएको जनाएको हो।

ती शहरमा रहेकालाई शहर छाडेर जाने मौका दिनका लागि अस्थायी युद्धविराम गरिएको मन्त्रालयद्वारा जारी वक्तव्यमा लेखिएको छ।

रक्षा मन्त्रालयले युद्धविराम घोषणा गरेसँगै रूसी सेनाले ती शहरमा सबै कारबाही रोकेको अधिकारीले जनाएका छन्।

युक्रेनलाई आफ्नो नियन्त्रणमा लिनका लागि आक्रमण गरिरहेको रूसले धेरै मानवीय क्षति हुन नदिनका लागि यस्तो रणनीति लिएको देखिएको छ।

"आज मार्च ५ तारिखको बिहान १० बजेदेखि युद्धविराम लागू हुनेछ, ती शहरमा रहेकालाई शहर छोड्न अनुरोध गर्दछौं, मानवीय क्षति कम होस् भन्ने उद्देश्यले अस्थायी युद्धविराम गरिएको हो," मन्त्रालयद्वारा जारी वक्तव्यमा लेखिएको छ।

रूसी सेनाले गत फेब्रुअरी २४ देखि युक्रेनमा कारबाही शुरू गरेको हो। अहिलेसम्म ठूलो जनधनको क्षति भइसकेको छ भने विश्वभरिबाट रूसको आलोचना भएको छ।

मारिओपोल शहरका मेयर भादिम बोयचेन्कोले रूसी सेनाद्वारा शहर नै बन्धक बनाइएकोले मानवीय सहायताको आवश्यकता रहेको भन्दै अपील गरेपछि रूसले अस्थायी युद्धविराम घोषणा गरेको हो। रासस

### रूस-युक्रेन वार्ताको स्वागत

अमेरिको (न्यूयोर्क)/एएनआई

संयुक्त राष्ट्रसङ्घले रूस–युक्रेन वार्ताको स्वागत गर्दै सबै सम्झौता ढिलाइ नगरी कार्यान्वयन हुने आशा व्यक्त गरेको छ।

"हामी युक्रेनी र रूसी वार्ताकारबीच हिजो बेलारूसमा दोस्रो चरणको वार्ताको क्रममा रिपोर्ट गरिएको सम्झौताको स्वागत गर्दछौं," राजनीतिक मामिलाका उपमहासचिव रोजमेरी डिकार्लोले शुक्रवार एक विज्ञप्तिमार्फत सो कुरा उल्लेख गरेकी हुन्।

उनले भनिन् कि संयुक्त राष्ट्रसङ्घले बुझेको छ कि दुई पक्षले मानवीय कोरिडोरको स्थापनामा नागरिकको लागि सुरक्षित मार्ग र मानवीय सहायताको वितरणमा ध्यान केन्द्रित गरेको छ।

"हामी आशा गर्दछौं यो रिपोर्ट गरिएको सम्झौता ढिलाइ नगरी लागू हुनेछ र पूर्ण र विनाशर्त युद्धविराममा छिट्टै सहमति हुनेछ," डिकार्लोले उल्लेख गरेकी छन्।

संयुक्त राष्ट्रसङ्घले दुवै पक्षलाई वार्ता जारी राख्न, सुरक्षा, मानवीय र अन्य मुद्दामा तत्काल प्रगति गर्न आग्रह गरेको छ।

रूस र युक्रेनले बिहीवार बेलारूसमा दोस्रो चरणको वार्तामा सर्वसाधारणलाई बाहिर निकाल्न मानवीय कोरिडोर व्यवस्थित गर्न सहमत भएका थिए।

"मानवीय कोरिडोरको सङ्गठनको लागि मात्र समाधान छ," युक्रेनको राष्ट्रपति कार्यालयका प्रमुखका सल्लाहकार मिखाइलो पोडोलियाकले ट्वीटरमा भनेका छन्।

रूसी प्रतिनिधिमण्डलका प्रमुखसमेत रहेका रूसी राष्ट्रपतिका सहयोगी भ्लादिमिर मेडिन्स्कीले दुवै पक्षले सैन्य मामिला, मानवीय मुद्दा र भावी राजनीतिक समाधानबारे छलफल भएको बताएका छन्। रासस

# रूसमा फेसबूक, ट्वीटर प्रतिबन्धित

मस्को, २१ फागुन/एएनआई

रूसी मिडिया नियामकले फेसबूकले रूसी मिडिया र सूचना स्रोतविरुद्ध भेदभाव गरेको भन्दै यसको प्रयोगमा रोक लगाएको घोषणा गरेको छ।

मिडिया रिपोर्टले बिबिसी र डयूचे वेले, ट्वीटर र एप्पल र गूगलका एप स्टोरको रूसी वेबसाइट सबै ब्लक गरिएको बताए। मार्च २०२२ मा रूसी भाषामा फेसबूक नेटवर्क (मेटा प्लेटफर्म इन्कको स्वामित्वमा रहेको)मा पहुँच रोक्ने निर्णय गरिएको हो।

हामीले हाम्रा सेवा पुनर्स्थापना गर्न सक्दो प्रयत्न जारी राख्नेछौं ताकि रूसीहरूले सुरक्षितरूपमा आफूलाई अभिव्यक्त गर्न र कार्यको लागि सङ्गठित गर्न मानिसका लागि उपलब्ध होऊन्, विज्ञप्तिमा उल्लेख गरेका छन्।

यस हप्ताको शुरूमा मेटाले राटी र स्पुतनिकजस्ता रूसी मिडिया आउटलेटमा पहुँच प्रतिबन्धित गरेको थियो।

फेसबूकको सुरक्षा नीति प्रमुखले कम्पनीले युक्रेनको अवस्थालाई नजीकबाट नियालिरहेको र आफ्नो प्लेटफर्ममा मानिसको सुरक्षाका लागि चालेका कदम साझा गरिरहने बताएको थियो।

सोमवार ट्वीटरले भन्यो कि यसले रूसी राज्य सम्बन्धित समाचार स्रोतमा लिङ्क गर्ने ट्वीटको पहुँचलाई व्यवस्थित र सीमित गर्नेछ। यसले युक्रेन र रूसमा गम्भीर सार्वजनिक सुरक्षा जानकारी उच्च छ भन्ने सुनिश्चित गर्न अस्थायीरूपमा निलम्बन गरिरहेको छ।

यस हप्ताको शुरूमा अमेरिकाले मस्कोलाई मिडिया स्वतन्त्रता र सत्यमा पूर्ण आक्रमण बढाएको आरोप लगाएको थियो। रासस

## अमेरिकामा अधिकांश बालबालिका कोभिडबाट सङ्क्रमित

वाशिङ्टन, २१ फागुन/सिन्ह्वा

युएस सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (CDC)ले जारी गरेको अध्ययनले संयुक्त राज्य अमेरिकाका अधिकांश बालबालिका कोभिड–१९ बाट सङ्क्रमित भएको देखाएको छ।

सङ्क्रमणबाट एन्टिबडी प्रकट गर्ने रक्त परीक्षणबाट सिडिसीको अनुमान अनुसार १४० मिलियनभन्दा बढी अमेरिकीलाई कोरोना भाइरस सङ्क्रमण भएको छ।

उक्त अखबारले हालैको रिपोर्टमा करीब ४३ प्रतिशत अमेरिकी कोभिडबाट सङ्क्रमित भएको अनुमान गरिएको छ।

बालबालिका र वयस्कमा सङ्क्रमणदर धेरै उच्च रहेको र ११ वर्षसम्मका बालबालिकामध्ये ५८ प्रतिशतमा प्राकृतिक सङ्क्रमणको एन्टिबडी छ। रासस

# मस्जिद हमलाको संयुक्त राष्ट्रप्रमुखद्वारा निन्दा

अमेरिका (न्यूयोर्क), २१ फागुन/एएनआई

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले शुक्रवार पाकिस्तानको पेशावर शहरमा ५० भन्दा बढी व्यक्तिको मृत्यु भएको आत्मघाती विस्फोटको निन्दा गरेका छन्।



विस्फोटबाट क्षतिगस्त पेशावरस्थित शिया मस्जिद। तस्वीरः सिन्ह्वा

"प्रार्थना गृह आश्रयस्थल हुनुपर्छ, आक्रमणको निशाना होइन। म पाकिस्तानको पेशावरको मस्जिदमा शुक्रवारको नमाजको क्रममा भएको भयानक र दुःखद आक्रमणको निन्दा गर्दछु। आफ्ना प्रियजन गुमाउनेप्रति मेरो समवेदना र पाकिस्तानका जनताप्रति मेरो ऐक्यबद्धता छ," उनले भने।

शुक्रवार शिया मस्जिदमा भएको विस्फोटमा ५६ जनाको मृत्यु भएको थियो भने १९४ जना घाइते भएका थिए। घटनालाई आत्मघाती हमला भन्दै शहरका अधिकारीले शुरूमा दुईजना आक्रमणकारी संलग्न रहेको बताएका थिए।

यद्यपि पछि सार्वजनिक गरिएको सिसिटिभी फुटेजले कालो सलवार कमिज लगाएका एक्लो आक्रमणकारी शहरको किस्सा ख्वानी बजारमा रहेको मस्जिदमा पैदल प्रवेश गरेको र पेस्तोल बोकेको देखाइएको डन अखबारले रिपोर्ट गरेको छ।

पाकिस्तानको मानव अधिकार आयोग (एचआरसिपी)ले शुक्रवार आत्मघाती विष्फोटको कडा निन्दा गरेको छ, जुन यसले शिया उपासकलाई लक्षित गर्ने उद्देश्यले गरेको थियो।

उक्त आक्रमण स्पष्टरूपमा शिया उपासकलाई लक्षित गर्ने उद्देश्यले गरिएको थियो। पेशावर विस्फोटको निन्दा गर्दै एचआरसिपीले यो हमला स्पष्टरूपमा शिया उपासकलाई लक्षित गर्ने र साम्प्रदायिक सङ्गठनको पहिचान बोकेको थियो भन्ने टिप्पणी गरेको छ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | भाग्योदय | वृष | बेचैनी |
| मिथुन | मनोरञ्जन | कर्कट | कर्मप्राप्ति |
| सिंह | प्रगति | कन्या | वादविवाद |
| तुला | यात्रालाभ | वृश्चिक | शत्रुपराजय |
| धनु | ज्ञानोदय | मकर | उदरपीडा |
| कुम्भ | विजय | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# मधेस र गण्डकी प्रदेशबीच अन्तरप्रदेशीय विमान सेवा शुरू

जनकपुर, २१ फागुन/रासस

शनिवारदेखि घरेलु उडान अन्तर्गत जनकपुरधाम–पोखराबीच हवाई यातायात शुरू भएको छ। मधेस प्रदेश र गण्डकी प्रदेशबीच अन्तरप्रदेशीय विमान सेवा आजदेखि शुरू भएको हो। दुवै प्रदेशको पर्यटनलाई बढावा दिने उद्देश्यले साताको तीन दिन उडान हुने गरी विमान सेवा शुरू भएको हो।

नागरिक उड्डयन कार्यालय जनकपुरधामका प्रमुख योगेन्द्रनाथ कुँवरले शनिवार, सोमवार र बिहीवार सातामा तीन दिन एक/एक पटक उडान हुने जानकारी दिए।

गण्डकी प्रदेशको राजधानी पोखरा र मधेस प्रदेशको राजधानी जनकपुरधामसम्मको पहिलो उडानमा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसहित १८ सदस्यीय टोली मधेस प्रदेशको भ्रमणमा आएका छन्।

तीन दिने मधेस प्रदेशको भ्रमणमा आएका गण्डकीका मुख्यमन्त्री नेपालीलाई मधेस प्रदेशका भौतिक पूर्वाधार तथा विकासमन्त्री रामसरोज यादव र उद्योग, पर्यटन तथा वातावरणमन्त्री शत्रुघ्न महतोले स्वागत गरेका थिए। भ्रमण टोलीमा मुख्यमन्त्री पोखरेलसहित अर्थमन्त्री रामजीप्रसाद बराल, पर्यटन उद्योग तथा वाणिज्य आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेल, गण्डकी प्रदेशका मुख्यसचिव रविलाल पन्थ, पर्यटन, उद्योग तथा वाणिज्य आपूर्ति मन्त्रालयका सचिव ज्ञानेन्द्र पौडेललगायत सहभागी रहेका छन्।




तस्वीरः फाइल

मधेस प्रदेशका उद्योग, पर्यटन तथा वातावरणमन्त्री महतोका अनुसार मुख्यमन्त्री पोखरेलको सबैभन्दा पहिले मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउतसँग भेटघाट गर्ने कार्यक्रम रहेको छ। आजै उनले जनकपुर–जयनगर रेलको अवलोकन र त्यसपछि धार्मिकस्थल धनुषाधामको भ्रमण गरेका छन्।

**मधेस र गण्डकी प्रदेशबीच पर्यटकीय कोरिडोर बनाउने –मुख्यमन्त्री पोखरेल**

जनकपुर विमानस्थलमा सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै मुख्यमन्त्री पोखरेलले दुवै प्रदेशलाई समृद्ध बनाउने मुख्य आधार पर्यटन रहेको बताउँदै उनले भने, "दुवै प्रदेशको समृद्धिको मुख्य आधार पर्यटन भएकोले पर्यटकीय करिडोर बनाउने आधार र सम्भावना पहिचान गर्ने र सम्भावना देखिएको योजनामा मधेससँग सहकार्य गर्नेछौं।"

उनले सङ्घीयतालाई संस्थागत गर्न, मजबूत बनाउन र प्रदेश सरकारबीच सम्बन्ध सुदृढ हुनुपर्ने मान्यताका साथ भ्रमणका लागि आएको बताए।

# डाँकाहरूद्वारा लुटपाट

राजेश केशरीवाल, रक्सौल, २१ फागुन/

भारत, बिहार, रक्सौलको हरैया थाना अन्तर्गत चन्दुली गाउँमा शुक्रवार अबेर राति डाँकाहरूले लुटपाट गरेका छन्।



शनिवार राति १ बजेको समयमा १५–२० जनाको डाँका समूहले चन्दुली गाउँ–९ निवासी सन्तोष तिवारीको घरमा लुटपाट गरेको प्रहरीले जनाएको छ।

घटनाको बेला घरमा दुईजना महिला, एकजना पुरुष र एकजना बालकलाई बन्धक बनाइ करीब पाँच लाख मूल्यका गहना, ८३ हजार नगद र चार थान मोबाइल लुटेको पीडित तिवारीले जानकारी गराए।

घटनाको जानकारी भए लगत्तै हरैया थाना प्रभारी शशिभूषण ठाकुरले घटनाबारे आवश्यक अनुसन्धान थालेको भारतीय प्रहरीले जनाएको छ।

# राष्ट्रियसभाका नवनिर्वाचित १९ सदस्यको शपथ

काठमाडौं, २१ फागुन/रासस

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रियसभाका नवनिर्वाचित १९ सदस्यलाई पद तथा गोपनीयताको शपथ दिलाएका छन्।



तस्वीरः रासस

सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयमा शनिवार आयोजित समारोहमा अध्यक्ष तिमिल्सिना समक्ष उनीहरूले शपथ लिएका थिए।

शपथ लिने नवनिर्वाचित सदस्यमा जयन्तीदेवी राई, सोनाम गेल्जेन शेर्पा, गोपालकुमार बस्नेत, उर्मिला अर्याल, मोहम्मद खालिद, गोमादेवी तिमिल्सिना, कृष्णप्रसाद पौडेल, कमला पन्त र भुवनबहादुर सुनार छन्।

नवनिर्वाचित सदस्य सुरेशकुमार आले मगर, राजेन्द्रलक्ष्मी गैरे, तुलप्रसाद विश्वकर्मा, युवराज शर्मा, दुर्गा गुरूङ, नरबहादुर विष्ट, उदयबहादुर बोहरा, मदनकुमारी शाह (गरिमा), जगतबहादुर पार्की र नारायणदत्त मिश्रले पनि शपथ लिएका थिए।

वनिर्वाचित सदस्यले सभा तथा संसदीय समितिमा भाग लिनुअघि सङ्घीय कानुन अनुरूप शपथ लिनुपर्ने सवैधानिक व्यवस्था छ।

शपथ लिन केही सदस्य आफनो जातीय वेषभूषासहितको पहिरनमा आएका थिए।

राष्ट्रियसभा सदस्य १९ पदका लागि गत माघ १२ गते निर्वाचन भएको थियो। उनीहरूको कार्यकाल छ वर्षको हुनेछ।

समारोहमा अध्यक्ष तिमिल्सिनाले नवनिर्वाचित सदस्यलाई सङ्घीय ससद्को प्रतिक चिह्न(लोगो) प्रदान गरे। सचिवालयका महासचिव डा भरतराज गौतमले उनीहरूलाई सचिवालयको तर्फबाट सफल कार्यकालका लागि बधाई ज्ञापन गरे।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री दीलेन्द्रप्रसाद बडू, राष्ट्रियसभाका विभिन्न राजनीतिक दलका नेता, मुख्य सचेतक र सचेतक सो अवसरमा सहभागी थिए। संसद् सचिवालयले उनीहरूलाई संसद् र संसदीय अभ्यासबारे आजै सङ्क्षिप्त जानकारी दिने कार्यक्रमसमेत राखेको छ।


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहृन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



बालश्रम दण्डनीय अपराध हो,
बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं।
वीरगंज महानगरपालिका

# दलितहरू गुलामीको जीवन बिताइरहेका छन –अध्यक्ष राम

प्रस, सिम्रौनगढ, २१ फागुन/

बाराको पचरौता नगरपालिका–२ पिपरपातीस्थित नेरा माविमा शनिवार दलितहरूको पहुँच नभएको चर्चा गर्दै अध्यक्ष रामले सबै सरकारी निकायमा दलितको पहुँच बढाउन आवश्यक भएको सर्लाहीका अध्यक्ष भुपेन्द्र राम, नेता सन्देश रामलगायतले मन्तव्य व्यक्त गरेका थिए।

मेघराज पासवानले सञ्चालन गरेको



तस्वीर: प्रतीक

दलित महासभा सम्पन्न भएको छ।

महासभामा राष्ट्रिय अध्यक्ष हरिनन्दन रामले सयौं वर्षदेखि नेपालका दलितहरू गुलामीको जीवन बिताइरहेको बताए।

उनले सबै राजनीतिक दलले दलितलाई प्रयोग मात्र गर्दै आएको आरोप लगाए। उनले दलितको मत लिएर जितेका गैरदलितहरूले दलितको हकहित दिलाउनेभन्दा उनीहरूलाई सताउने काम गर्दै आएको आरोप लगाए। सरकारमा बताए। उनले दलितको सङ्ख्या बढी भएकाले राजनीति र सरकारी कार्यलयहरूमा पहुँच बढाउन जरुरी भएको बताए। सङ्ख्या पहिचान गरी दलितको प्रतिनिधित्व नबढाएसम्म हकअधिकारबाट वञ्चित हुनुपर्ने अवस्था रहिरहने उनले बताए।

रामशरण हजराको अध्यक्षतामा भएको दलित महासभामा दलित केन्द्रीय वरिष्ठ नेता राजाराम पासवान, केन्द्रीय सदस्य जीतेन्द्र राम, दलित महासभा, कार्यक्रममा स्वागत सन्देश रामले गरेका थिए।

दलित महासभामा स्थानीय कवि/गायक राजन रसियाले गीतको माध्यमबाट आगामी स्थानीय निर्वाचनमा आफ्नो मतलाई पैसा, रक्सी र मासुमा बिक्री नगरी असल जनप्रतिनिधि रोज्नका लागि प्रयोग गर्न सुझाएका थिए।

# खेलकुदको संसार

## दोस्रो पटेर्वासुगौली गोल्डकप : कालिका र चितवन सेमिफाइनलमा

प्रस, सेढवा, २१ फागुन/

पटेर्वासुगौली गाउँपालिकाको सहयोग तथा समता समाज नेपाल, निचुटाको आयोजनामा सञ्चालित दोस्रो पटेर्वासुगौली


तस्वीर: प्रतीक

गोल्डकपमा कालिका स्पोर्ट्स एकेडेमी, चितवन सेमिफाइनलमा प्रवेश गरेको छ।

चितवनले पटेर्वासुगौली गापा फूटबल टीमलाई एकका विरुद्ध तीन गोलअन्तरले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको हो। खेलको तेस्रो मिनेटमा पटेर्वासुगौलीका धीरेन्द्र दासले एक गोल गरी टीमलाई अग्रता दिलाए भने चितवनका अन्तर्राष्ट्रिय खेलाडी सैयाद स्माइलले खेलको ३०औं मिनेटमा गोल फर्काइ खेल बराबरीमा ल्याएका थिए। चितवनका लागि अन्तर्राष्ट्रिय खेलाडी यमी र हरि कार्कीले थप एक/एक गोल गरी टीमलाई जीत दिलाएका थिए। आजको खेलमा पटेर्वासुगौलीका धीरेन्द्र दास 'म्यान अफ दी म्याच' घोषित भए। उनलाई प्रमुख अथिति नेपाल रेडक्रस सोसाइटी, पर्साका पूर्वउपसभापति भागवत चौधरीले नगद १५ सयसहित ट्रफी प्रदान गरेका थिए।

भोलिको खेल समता समाज नेपाल, निचुटा र भक्तपुर एफसीबीच हुने आयोजक समितिले जनाएको छ।

# ज्येष्ठ नागरिक र एकल महिलालाई कम्बल र साडी वितरण

प्रस, पोखरिया, २१ फागुन/

सौन्दर्य डेभेलपमेन्ट स्कील प्रालि, वीरगंजको आयोजनामा पोखरियामा ज्येष्ठ नागरिक र एकल महिला सम्मान गरिएको छ।

पोखरिया नपा–५ स्थित श्रीराम जानकी प्राविमा आयोजित कार्यक्रममा १०५ जना ज्येष्ठ नागरिकलाई एक/एक थान कम्बल वितरण गरिएको थियो भने ३७ जना एकल महिलालाई एक/एक थान साडी वितरण गरिएको थियो।

वडाध्यक्ष उमासाह कानुको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि पोखरिया नपाका प्रमुख दीपनारायण रौनियार, संस्थाका कार्यक्रम संयोजक प्रदीप चौरसिया, शिक्षक गनी अहमदलगायतको सहभागिता थियो।

कार्यक्रममा वक्ताहरूले ज्येष्ठ नागरिक तथा एकल महिला समाजका अभिन्न अङ्ग भएकाले सम्मान गरेकोमा आयोजक संस्थाको प्रशंसा गरेका थिए।


तस्वीर: प्रतीक

# कोल्हवी नपाको म्युजिक भिडियो सार्वजनिक

प्रस, निजगढ, २१ फागुन/

कोल्हवी नगरपालिकाले आफ्नो नगर क्षेत्रको पहिचान झल्कने गरी गीत–सङ्गीत तयार गरी म्युजिक भिडियो सामाजिक सञ्जाल युटचुबमा सार्वजनिक गरेको छ।

'जिल्लामे टप लागे कोल्हवी नगरिया' नाम दिएर सार्वजनिक गरिएको उक्त म्युजिक भिडियोमा नगरपालिकाका विभिन्न क्षेत्रको पहिचान, लामो समयपछि स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि जनप्रतिनिधिहरूले आफ्नो कार्यभार सम्हालेसँगै नगरभरिका विभिन्न वडाहरूमा भए गरेका विकास कार्य, धार्मिक पर्यटन क्षेत्र, हाटबजार क्षेत्रको व्यवस्थापन, विभिन्न जातजातिका कला, संस्कृति र पहिचान, सद्भावपूर्ण मेलमिलाप र विकासमा सबैको एकता हुनुपर्ने सन्देश समेट्ने गरी गीत–सङ्गीतसँगै



म्युजिक भिडियो तयार पारिएको गीतकार, सङ्गीतकार तथा गायक आशाकाजी श्रेष्ठले जानकारी दिए।

कोल्हवी नगरपालिकाको आर्थिक सहयोगमा झल्झली मल्टिक्रिएशन म्युजिक स्टुडियो, हेटौंडाले उक्त म्युजिक भिडियो तयार पारेको हो। उक्त म्युजिक भिडियोमा गीत–सङ्गीतको संयोजन आफ्फिया मल्टिक्रिएशन, हेटौंडाका सञ्चालक एवं सङ्गीतकार अमृत ल्यागुनले गरेका हुन्। म्युजिक भिडियो समग्रमा सन्देशमूलक राम्रो भएको कोल्हवी नगरपालिकाका प्रमुख भरतबहादुर भण्डारी र उपप्रमुख सुनाइना थरुनीले बताए।

भीमा मैनाली, दिलकुमार लामा, धनबहादुर पाख्रिन, एलिसा बजगाईं, सञ्जय चौधरी, रोशन चौधरी, विक्रम चौधरीलगायत दुई दर्जन कलाकारले म्युजिक भिडियोमा अभिनय गरेका छन्। म्युजिक भिडियोमा आशाकाजी श्रेष्ठले निर्देशन, विनोद बानियाँ र ओसोबु लामाद्वारा छायाङ्कन गरिएको छ भने, कोरियोग्राफी एलबी गुरुङ, शृङ्गार सरु वलीले गरेको झल्झली मल्टिक्रियशन व्यवस्थापक अस्मिता श्रेष्ठले जानकारी दिइन्।

# खेसारीले नायिका बनाउन भनेका सोमियाको हुन् ?

राधेश्याम पटेल, वीरगंज, २१ फागुन/

भोजपुरीका चर्चित नायक खेसारीलाल यादवले आफ्नो एलबम र



सोमिया पोखरेल (दायाँ)। तस्वीर: प्रतीक

फिल्ममा छ महीनाभित्र नायिका बनाउने वचन गरेपछि अहिले वीरगंजकी सोमिया पोखरेलको चर्चा चुलिएको छ।

फागुन १७ गते महाशिवरात्रि पर्वका दिन रौतहटको मौलापुरमा आयोजना भएको तेस्रो मधानी महोत्सवमा नायक खेसारीले हजारौं दर्शकका अगाडि सोमियालाई आफ्नो फिल्ममा खेलाउने घोषणा गरेपछि उनी रातारात हिट भएकी छन्।

खेसारीले यस्तो कुरा बताएपछि नेपाली तथा भारतीय मेन स्ट्रीमका मिडिया तथा सामाजिक सञ्जालमा भाइरल सोमिया पोखरेल औंधी खुशी छिन्।

"मौलापुरको मेलामा खेसारीको लाइभ शोमा उनले मलाई स्टेजमैं बोलाइ नायिका बनाउने घोषणा गरेका थिए," उनले भनिन्, "यो मेरोलागि सुखद समाचार हो, मलाई त तीन दिनसम्म राम्ररी निद्रा नै लागेन, अहिले पनि त्यो पल सम्झिरहन्छु।"

चारैतिर चर्चा चुलिएपछि को हुन् सोमिया पोखरेल भनेर चर्चा शुरू भएको छ। विवाहित २१ वर्षीया सोमियाले खेसारीलालको टचाटू आफ्नो बायाँ हातमा बनाएपछि उनी शुरूमा टिकटकमा भाइरल भएकी थिइन् भने पछि इन्स्टाग्राम र युटचुबमा पनि भाइरल भइन्।

सिन्धुलीमा पुरानो घर भएको सोमिया आठ वर्षको उमेर पर्सागढी नगरपालिकाको मनवामा बुबाआमासँगै बसाइँ सरेकी थिइन्। गङ्गाप्रसाद पोखरेल र रीता पोखरेलका चार सन्तानमध्ये जेठी छोरी सोमिया वीरगंजको त्रिजुद्ध माविबाट कक्षा १० सम्मको अध्ययन गरेकी छन्। चार वर्षअघि फेसबूकमार्फत साथी बनेका वीरगंज–११, रानीघाटका चन्दन गुप्ता उनको पति हुन्।

तीन महीनाको प्रेम सम्बन्धपछि दुवैजनाले विवाह गरेका थिए। पति चन्दनको वीरगंजमा कपडापसल छ। गत १४ महीनाअघिदेखि सामाजिक सञ्जाल टिकटकबाट लोकप्रियता हासिल गरेकी सोमियाको अहिले टिकटकमा छ लाख फलोवर छन्।

सोमियाले पति चन्दन र देवर कुन्दन गुप्तासँग भोजपुरी गीतमा बनाएका टिकटक भिडियोका कारण उनी टिकटकमा भाइरल भएकी हुन्। कक्षा १२ सम्म अध्ययन गरेका पति चन्दनले निकै सहयोग गर्ने गरेकाले आफू अगाडि बढेको सोमियाको भनाइ छ।

हातमा खेसारीलालको टचाटू बनाएपछि सामाजिक सञ्जालमा आफूलाई धेरैले गालीसमेत गरेको भन्दै उनले तराई–मधेसमा कला क्षेत्रमा लाग्न महिलालाई निकै चुनौती रहेको बताइन्। खेसारीलालसँग अभिनय गर्ने मौका पायो भने म आफूलाई निकै भाग्यमानी ठान्नेछु, उनले प्रतिक्रिया दिइन्।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## तपाईं निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनुभएको छैन ?

- बालविवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहुविवाह
- दाइजो विवाह
- दबाब विवाह

**विचार गर्नुस,**

के तपाईं अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,